# अध्याय 14: उपभोक्ता अधिकार

किनमेल गर्नको लागि हङकङ राम्रो ठाउँ हो। तर अरू ठाउँहरूमा जस्तै, तपाईंलाई आफूले उचित सम्झौता प्राप्त गर्नुभएको सुनिश्चित गर्न व्यावहारिक ज्ञान प्रयोग गर्नुपर्छ।

प्रथमत: विभिन्न पसलहरूको मूल्य तुलना गर्ने कोसिस गर्नुहोस् (तल उपायहरू हेर्नुहोस्)। हङकङमा मूल्यमा कुनै नियन्त्रण नभएकोले, ग्राहकहरूले तिनीहरूले चाहे अनुसार मोलतोल गर्न सक्छन्। जब तपाईले नजिकैको पसलमा उही सामान सस्तो भएको पाउनुहुन्छ र तपाईंलाई धेरै रकम लिएको महसुस गर्नुहुन्छ तपाईंले आफ्नो रकम फिर्ता पाउन धेरै गाह्रो हुन्छ।

*सुझाव: खरीद गर्नुअघि पसल वरिपरि घुम्नुहोस् र मूल्य तुलना गर्नुहोस्। तर मूल्य धेरै नै कम छ भने ख्याल गर्नुहोस् - यो छलकपट गरिएको हुनसक्छ!*

**समान वस्तुको खरीद**

हङकङ स्वतन्त्र स्थान हो त्यसैले आयातकर्ताहरूले तिनीहरूले चाहेको कुनैपनि स्रोतबाट सामानहरू आयात गर्न सक्छन्। यसको मतलब तपाईंले उद्योग र तिनीहरूको मूल देशबाट सिधै ल्याइएका नयाँ नयाँ नमूनाहरू पाउन सक्नुहुन्छ।

तथापि, आधिकारिक निकायको स्वीकृति बिना सामनाहरू हङकङमा आउँछन्। यी "समान आयत" अर्थात "अनाधिकारित बजार" सामानहरू सामान्यतया आधिकारिक बजारद्वारा ल्याइएका उही सामानहरू भन्दा सस्तो हुन्छन्। हङकङमा यो गैरकानुनी होइन, तर तपाईंले अन्तर्राष्ट्रिय वारेन्टी नपाउन सक्नुहुन्छ। त्यसैले यदि तपाईंले उपहारको रूपमा घर पठाउने वा आफ्नो देशमा फर्किदा आफूसँगै लिएर जाने लक्ष्य गरी केही सामान खरीद गर्नुहुन्छ भने, तपाईंले अन्तर्राष्ट्रिय वारेन्टी भएको सामानहरू खोज्नुपर्छ।

*सुझाव: यदि तपाईंले समान आयात सामानहरू किन्न चाहनुहुन्न भने, विक्रेतालाई सँधै आफूले हङकङको आधिकारिक एजेन्टद्वारा ग्यारेन्टी प्राप्त सामान किन्न चाहनुभएको कुरा भन्नुहोस्। तपाईंले भुक्तान गर्नुअघि लिखित ग्यारेन्टी लिनुहोस्।*

**सामानहरू फिर्ता गर्ने**

फिर्ता गर्ने नीति पसलहरू र व्यापार अनुसार फरक हुन्छ। धेरैजसो अवस्थाहरूमा, खराब सामग्रीहरू मात्र विनिमयको लागि फिर्ता गर्न सकिन्छ। त्यसैले तपाईंले खरीद गरेपछि आफ्नो विचार परिवर्तन गर्नुभएको कारणले सामान्य उत्पादन विनिमय गर्ने वा फिर्ता गर्ने अपेक्षा नगर्नुहोस्।

***चेतावनी:***

***बेइमान पसलेहरूदेखि सावधान रहनुहोस्! हङकङमा धोखादारी (विज्ञापनमा सामान सस्तो मूल्यमा दिने वाचा गर्ने त्यसपछि खरीद समयमा उच्च मूल्यको मात्र उपलब्ध गराउने) हुने गर्छ। जहिलेपनि पहिला सामानको जानकारी जाँच गर्नुहोस्।***

**बुद्धिमान किनमेल उपायहरू**

- तपाईंले उचित मूल्यमा सामानहरू पाउनका लागि उचित पसलहरू कहाँ छन् भने हङकङमा रहनुभएको आफ्नो साथीहरूलाई सोध्नुहोस्।
- तपाईंले कुन सामान खरीद गर्ने भनी निर्णय गर्नुअघि विशेषताहरू, जाँच रिपोर्ट, कार्यसम्पादन र बिक्री पछिको सेवा जस्तो उक्त उत्पादन जानकारीको लागि ग्राहक परिषद् सुझाव केन्द्र वा आधिकृत एजेन्टमा जानुहोस्। एकपटक तपाईंले फरक (उच्च-मूल्यको) मोडलको सामान किन्नको लागि कुरा गर्ने मटका नदिनुहोस्।
- एकदम न्यून मूल्य धोकादारी गर्नको लागि जाल हुनसक्छ (माथि हेर्नुहोस्)।
- तपाईंले भुक्तानी गर्नुअघि, पसलेलाई लेनदेनको अवधिमा के भनेर प्रतिज्ञा गर्नुभएको थियो भनी रसिदमा लेख्नको लागि सोध्नुहोस्।
- लेनदेन समाप्त नहुँदासम्म आफ्नो क्रेडिट कार्ड कसैलाई पनि नदिनुहोस्। राम्रोसँग पूरा गरिएको क्रेडिट कार्ड स्लिपमा मात्र हस्ताक्षर गर्नुहोस्। यसमा हस्ताक्षर गरेपछि भौचरको प्रतिलिपि लिन सम्झनुहोस्।
- एकपटक क्रेडिट कार्ड भौचरमा हस्ताक्षर गरेपछि, कारोबार पूरा हुन्छ। सामान रद्द गर्ने सम्भावना एकदम कम हुन्छ।
- खरीदको सबै विवरणहरू जाँच गर्नुहोस् र तिनीहरू सबै रसिदमा लेखिएका छन् भनी सुनिश्चित गर्नुहोस्। यदि तिनीहरू टीक छैनन् भने, भुक्तान नगर्नुहोस्।
- सामान निरीक्षण गर्नुहोस् र तपाईंले किन्न सहमत हुनुभएको सामान त्यही नै हो भनी सुनिश्चित गर्नुहोस्।
- विवादको अवस्थामा, पसलमा बसी विवाद नगर्नुहोस्। रसिद लिनुहोस् र जति सक्दो चाँडो प्रहरी या त ग्राहक परिषदमा जानुहोस्।

**ग्राहक परिषद्**

ग्राहक परिषद् एउटा स्वतन्त्र सार्वजनिक संस्था हो जसले ग्राहको रूपमा तपाईंको अधिकार र चाहनालाई संरक्षण गर्छ। यसले तपाईंले हङ्कङ्गा किनमेल गर्दा भोग्न सक्ने कुनैपनि समस्याहरू समाधान गर्न सहायता पनि सक्छ। यसको उजुरी र जाँचबुझको हटलाइन 2929-2222 हो। ग्राहक परिषद् सुझाव केन्द्रहरू निम्न ठेगानामा अवस्थित छन् -

## HONG KONG ISLAND

| ठेगाना | फ्याक्स |
|---|---|
| North Point Consumer Council Advice Centre<br>Room 1410, 14/F, Kodak House II<br>39 Healthy Street East, North Point, Hong Kong | 2590-6271 |

## KOWLOON

| | |
|---|---|
| Tsim Sha Tsui Consumer Council Services Centre<br>G/F, 3 Ashley Road, Tsim Sha Tsui, Kowloon | 2721-1580 |

## NEW TERRITORIES

| | |
|---|---|
| Tsuen Wan Consumer Advice Centre<br>Room 105, 1/F, Princess Alexandra Community Centre<br>60 Tai Ho Road, Tsuen Wan, NT | 2413-7042 |
| Sha Tin Consumer Advice Centre<br>Room 442, 4/F, Sha Tin Government Offices<br>1 Sheung Wo Che Road, Sha Tin, NT | 2695-1964 |

ग्राहक सुझाव केन्द्रको कार्यालय समय:
सोमबारदेखि शुक्रबारसम्म (सार्वजनिक बिदाहरू बाहेक): बिहान 9:00 बजेदेखि दिउँसो 1:00 बजेसम्म
दिउँसो 2:00 देखि साँझ 6:00 बजेसम्म

*टिप्पणी: अपोइन्टमेन्ट अनुसार काउण्टर सेवाहरू (टेलिफोन: 2929 2222)*